# प्रेस विज्ञप्ति

## न्यायको याचना गर्दै शान्तिपूर्ण विरोध तथा धर्नामा रहेका अपराधपीडित नागरिकमाथि शान्तिवाटिकामा गरिएको दमनको भर्त्सना

**२६ माघ २०८०**

यही माघ २३ गते काठमाडौंस्थित शान्तिवाटिका रत्नपार्कमा शान्तिपूर्ण धर्नामा बसेका मिटरब्याज पीडित एवं आरती साह परिवार लगायतका पीडितलाई लछारपछार गर्दै जबर्जस्ती हटाएकाप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ । नागरिकको शान्तिपूर्ण भेला हुन पाउने र न्याय खोज्ने मौलिक अधिकारमाथि काठमाडौं महानगरपालिकाले नगर प्रहरी परिचालन गरी गरेको दमन एवं संवेदनहीन र असहिष्णु व्यवहारप्रति निगरानी समिति आपत्ति प्रकट गर्दछ ।

नागरिकको मौलिक हकको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हुनुपर्नेमा तीनै तहका सरकार र तिनका पदाधिकारीहरू गैरजिम्मेवार ढंगले पेश हुन थालेका छन् । नागरिकले मौलिक हकको स्वतन्त्र उपयोग गर्न पाउने वातावरणबाट नै लोकतन्त्रको जग बलियो हुने हो । यसबाट नै संविधानको सही कार्यान्वयन हुन्छ । तर केही महिनायता संघीय सरकार मातहतका स्थानीय प्रशासनले नागरिकको शान्तिपूर्ण भेला, प्रदर्शन तथा न्यायको माग राख्ने क्षेत्रमाथि नै धावा बोल्दै निषेधीकरण गरिरहेका छन् । त्यसैमा थपिएको छ, स्थानीय सरकार । विशेषगरी काठमाडौं महानगरपालिकाले शान्तिपूर्ण रूपमा आफ्नो माग राख्न नागरिकले उपयोग गर्दै आएको रत्नपार्क शान्तिवाटिकाबाट अमानवीय र संवेदनहीन तरिकाबाट बल प्रयोग गरी मिटरब्याजी तथा हिंसापीडित लगायतका नागरिकलाई हटाउनु निन्दनीय छ ।

शान्तिपूर्ण प्रदर्शन, अभिव्यक्ति स्वतन्त्रता, न्यायको माग राख्ने तथा भेला हुन पाउने नागरिकका मौलिक हकको प्रत्याभूति संविधानले नै गरेको छ । यो हरेक व्यक्तिको अहरणीय अधिकार हो । यसप्रतिको प्रतिबद्धता नेपाल पक्षराष्ट्र रहेको मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ का साथै नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९६६ मा गरिएको छ । तर संघीय तथा स्थानीय सरकार नागरिकका ती हक अधिकारप्रति जवाफदेहीविहीन र असंवेदनशील मात्र होइन, मिचाहाको शैलीमा उत्रिन थालेका छन् ।

यसर्थ, नागरिकका मौलिक हकप्रति संवेदनशील भई त्यसको उपयोग गर्न पाउने अधिकारमाथि अवरोध नगर्न र मौलिक स्वतन्त्रताको पूर्ण सम्मान गर्न काठमाडौं महानगरपालिकाका मेयरसहितका अधिकारी र संघीय सरकारलाई हामी आग्रह गर्दछौं । साथै, न्यायमा सहज पहुँच नपाएर अपराधपीडितहरू विरोधमा उत्रनुपर्ने अवस्थाको अन्त्य गर्न तथा उनीहरूका वैध माग तत्काल पूरा गर्न निगरानी समिति माग गर्दछ । नागरिकका मौलिक हक खोस्ने गरी काठमाडौं महानगरपालिकाका अधिकारीबाट भएको ज्यादतीपूर्ण घटनाको अविलम्ब छानबिन गरी दोषीमाथि कानूनी कारवाही र पीडितलाई पर्याप्त

क्षतिपूर्तिको अधिकार सुनिश्चित गर्न राष्ट्रिय मानवअधिकार आयोगसँग समिति आग्रह गर्दछ । साथै, राज्यका निकायबाट हुने गरेका यस किसिमका उल्लंघनका घटनाप्रति प्रभावकारी निगरानी बढाउन पनि निगरानी समिति संघीय संसद्का सम्बन्धित समितिहरूको ध्यानाकर्षण गराउँदछ ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट**

चरण प्रसाईं, संयोजक

सम्पर्क : विकास बस्नेत ९८५११६९८२२